जलवायु परिवर्तनका चुनौती सामना गर्ने लक्ष्य


सरकारको नीति तथा कार्यक्रम

काठमाडौं (अन्नपूर्ण) : सरकारले आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रममार्फत वातावरणीय संरक्षण र जलवायु परिवर्तनका चुनौतीहरूलाई सम्बोधन गर्न केही नयाँन एवं महत्वाकांक्षी योजनाहरू सार्वजनिक गरेको छ। यसअन्तर्गत 'नेपाल कार्बन प्रतिकरण' गठन गर्नेदेखि 'वन डढेलो उच्च सतर्कता केन्द्र' स्थापना गर्नेसम्मका कार्यक्रमहरू समेटिएका छन्।

राष्ट्रपतिले योमबार संघीय संसद्मा प्रस्तुत गरेको सरकारको नीति तथा कार्यक्रमले 'नेपाल कार्बन प्रतिकरण' स्थापना गरी 'रेड लस्' कार्यक्रमलाई देशभर विस्तार गर्ने योजना बनाएको छ। नेपालको कुल भू-भागको करिब ४५ प्रतिशत क्षेत्र वनले ढाकिएको अवस्थामा, सामुदायिक वन समूहहरूलाई कार्बन ट्रेडिट (कार्बन व्यापार)बाट प्राप्त लाभ सुनिश्चित गर्ने सरकारको लक्ष्य रहेको छ। हाल नेपालका १३ जिल्लामा मात्र सीमित रहेका कार्बन न्यूनीकरणका परियोजनाहरूलाई थप व्यवस्थित र देशव्यापी बनाउन स्वदेशी कटउको उपयोगलाई समेत प्रोत्साहन गर्ने नीति लिइएको छ।

डढेलो नियन्त्रणमा अत्याधुनिक प्रविधि

पछिल्लो समय जलवायु परिवर्तन र लामो खडेरीका कारण वन डढेलोको जोखिम बढ्दै गएपछि सरकारले 'वन डढेलो उच्च सतर्कता केन्द्र' स्थापना गर्ने घोषणा गरेको छ। यस केन्द्रमार्फत विरलन निगरानी र अग्नि नियन्त्रण क्षमताको सुदृढीकरण गरिनेछ। विशेषगरी ड्रोन, स्याटेलाइट र अन्य आधुनिक प्रविधिको प्रयोग गरी डढेलो, वन अतिक्रमण र अवैध क्रियाकलापको 'रियल टाइम' अनुगमन गर्ने व्यवस्था मिलाइने भनिएको छ।

बढ्दो वायु प्रदूषण नियन्त्रणका लागि 'राष्ट्रिय वायु गुणस्तर व्यवस्थापन कार्ययोजना' कार्यान्वयनमा ल्याइने भनिएको छ। विश्व स्वास्थ्य संगठनको मापदण्डअनुसार वायुको गुणस्तर कायम गर्ने लक्ष्य राखिएको यस योजनाले सफल कार्यान्वयन सरकारका लागि निकै चुनौतीपूर्ण देखिन्छ। डिजेटको समयमा सैयौंपटकाट आइने धुवाँ र प्रदूषण नियन्त्रण गर्न डिफ्रेक्षीय तथा क्षेत्रीय सहकार्यलाई थप सुदृढ बनाइने नीतिमा उल्लेख छ।

सन् २०४५ सम्म 'नेट जिरो' को लक्ष्य

सरकारले सन् २०४५ सम्मामा 'नेट जिरो' (शून्य कार्बन उत्सर्जन)को अन्तर्राष्ट्रिय प्रतिबद्धता पुरा गर्न क्षेत्रगत लक्ष्य र समय सीमासहितको राष्ट्रिय कार्ययोजना लागु गर्ने जनाएको छ। अन्तर्राष्ट्रिय जलवायु विज्ञमा पहुँच बृद्धि गर्दै वन, कृषि, ऊर्जा र जैविक विविधतामा आधारित 'हरित अर्थतन्त्र'लाई टेवा दिने सरकारको संकल्प छ।

'हरित बन्ड ढाँचा विकास गरी जलविद्युत लगायत हरित पूर्वाधारमा अन्तर्राष्ट्रिय स्रोतलगायतपूर्ण पित्त आकर्षित गरिने नीति लिइएको छ। मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि पूर्वसूचना प्रणाली र क्षतिपूर्तिको प्रभावकारी व्यवस्था गरिने भएको नीति तथा कार्यक्रममा उल्लेख छ। राष्ट्रिय निकुञ्ज र आसक्षहरूको कुशल व्यवस्थापन गर्दै दुर्लभ तथा लोपोन्मुख वन्यजन्तुको वासस्थान संरक्षणलाई पनि सरकारले विशेष प्राथमिकतामा राखेको छ।

डिजिटल पूर्वाधार निर्माणको लक्ष्य



सरकारले 'डिजिटल सुशासन ब्लुप्रिन्ट' अनुरूप राष्ट्रिय डिजिटल पूर्वाधार निर्माणलाई तीव्रता दिने भनेको छ। आगामी आर्थिक वर्षमा जी-क्लाउड तथा डाटा नीतिको प्रभावकारी कार्यान्वयनका लागि केन्द्रीय सम्पन्नय प्रणाली विकास गरिने घोषणा गरिएको छ।

राष्ट्रपति रामचन्द्र पौडेलले संघीय संसदको संयुक्त बैठकमा सरकारको नीति तथा कार्यक्रम प्रस्तुत गर्दै राष्ट्रिय डिजिटल रणनीति, डिजिटल खरिद प्रणाली, डाटा नीति, अन्तरसञ्चालन मापदण्ड तथा सरकारी क्लाउड पूर्वाधार विकासलाई प्राथमिकतामा राखिएको जानकारी दिए।

सरकारले डाटा, कृत्रिम बौद्धिकता (एआई), डिजिटल प्रविधि तथा साइबर सुरक्षाको उपयोगमार्फत नव्प्रवर्तन र स्टार्टअप प्रवर्धन गर्दै ज्ञानमा आधारित अर्थतन्त्र निर्माण गर्ने नीति अघि सारेको छ।

नीति तथा कार्यक्रममा दुरसञ्चार क्षेत्रमा नवीनतम प्रविधिको विस्तार, रेडियो फ्रिक्वेन्सी व्यवस्थापनका मापदण्ड निर्माण तथा प्रभावकारी अनुगमन प्रणाली सुदृढ बनाइने उल्लेख गरिएको छ। साथै दुर्गम क्षेत्रसम्म डिजिटल पहुँच विस्तार गरी डिजिटल विभेद घटाउने लक्ष्य लिइएको छ।

विज्ञान तथा सञ्चार क्षेत्रलाई पारदर्शी र उत्तरदायी बनाउन सेथे, प्रदेश र स्थानीय तहजीच समन्वय गरी नियामक संरचना सुदृढ बनाइने जनाइएको छ। हुलाक सेवाको प्रतिस्पर्धीकरण, आधुनिकीकरण र डिजिटल रूपान्तरणलाई पनि प्राथमिकता दिइएको छ।

त्यसैगरी, चलचित्र, युनेस्को, फोटोग्राफी तथा डिजिटल सामग्री उत्पादनलाई उद्योगका रूपमा विकास गर्ने नीति सरकारले अघि बढाएको छ। प्राकृतिक तथा सांस्कृतिक सम्पदाको अन्तर्राष्ट्रिय स्तरमा प्रवर्धन गर्दै नेपाललाई अन्तर्राष्ट्रिय चलचित्र छायाकन तथा सिजोन्मात्मक सामग्री उत्पादनको आकर्षक गन्तव्य बनाइने लक्ष्यसमेत राखिएको छ।

गोरखा नगरपालिकाका सबै विद्यालय आइतबार पनि खुल्ने

गोरखा (अन्नपूर्ण) : सार्वजनिक विदासम्बन्धी सरकारी निर्णयको अवज्ञा गर्दै गोरखा नगरपालिकाले आइतबार पनि विद्यालय सञ्चालन गर्ने निर्णय गरेको छ।

गत शुक्रबार सम्पन्न कार्यपालिकाको बैठकले अघिल्लै सबै निजी तथा सार्वजनिक विद्यालय आइतबार पनि सञ्चालन गर्ने निर्णय गरेको नगर शिक्षा समितिका सदस्यसचिव मिर्मीले जानकारी दिए।

सबै प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरूसँग बैठक गरी संकलित राय सुझावअनुसार आइतबार विद्यालय खुलाइने निर्णय गरिएको पिंधीको भनाइ छ। पाठ्यक्रम र पाठ्यभारको तारतम्य मिलाने भाकाले सबैको सहमतिमा यो निर्णय गरिएको उनले बताए। तर पहिलाकाले अतिरिक्त समयमा पढाएापनि शिक्षक, कर्मचारीलाई थप पारि श्रमिकको



व्यवस्था मिलाउन शिक्षा युवा खेलकुद शाखाबाट विद्यालयलाई पठाचार र समन्वय गर्न लगाइने निर्णय गरेको, कार्यपालिकाको निर्णयमा उल्लेख छ। अतिरिक्त कक्षा सञ्चालन गरेबापत शिक्षक, कर्मचारीहरूलाई अतिरिक्त पारिश्रमिक दिने निर्णय भने नभएको मिर्मीले जानकारी दिए।

यसअघि गत मंगलबार सबै प्रधानाध्यापक तथा व्यवस्थापन समितिका अध्यक्षहरूसँग शिक्षा समितिको बैठक बसी राय माग गरिएको थियो। पाठ्यभारको तालमेल मिलाइन कि ९ बजेदेखि ५ बजेसम्म पठनपाठन गर्नुपर्ने, कि आइतबार पढाइने पर्ने, कि सरकारले निर्णय हुनुहु पालना गर्ने भन्नेबारेमा छलफल हुँदा आइतबार विद्यालय सञ्चालन गर्न प्रअ र अध्यक्षहरू तयार हुनुभयो, मिर्मीले भने, 'हामीले स्थानीयअनुसार कार्यपालिकाका विषयवस्तु पेस गर्नुभै र निर्णय भयो।'

नवलपरासी लुम्बिनीमै पहिलो पूर्ण खोप सुनिश्चित जिल्ला

परासी (अन्नपूर्ण) : नवलपरासी लुम्बिनी प्रदेशमै पूर्ण खोप सुनिश्चितता तथा दिगोपना पोषणा हुने पहिलो जिल्ला बनेको छ।

जिल्लाका यसबदै पालिकाले पूर्ण खोप सुनिश्चितता मापदण्ड पुरा गरेपछि सोमबार आयोजित कार्यक्रममा लुम्बिनी प्रदेशका स्वास्थमन्त्री खेमबहादुर खाडले जिल्लालाई औपचारिक रूपमा पूर्ण खोप सुनिश्चितता तथा दिगोपना भाएको जिल्ला घोषणा गरेका हुन्।

कार्यक्रममा बोल्दै मन्त्री खाडले प्रदेशका १२ जिल्लामध्ये नवलपरासी पूर्ण खोप सुनिश्चितता तथा दिगोपना घोषणा हुने पहिलो जिल्ला भाएको बताए। उनले स्वास्थ्य क्षेत्रमा नवलपरासी अग्रस्थानमा रहेको उल्लेख गर्दै प्रदेश सरकारले सुरक्षित मातृत्वलाई प्राथमिकतामा राख्दै काम अघि बढाएको बताए।

१९ महिनादेखि पाँच वर्षका बालबालिकाले खिचिन्न १४ वटा रोगविरुद्धको खोप अनिवार्य रूपमा लगाएपछि पूर्ण खोप सुनिश्चितता भाएको मानिने व्यवस्था छ। जिल्लामा उक्त उमेर समूहका सबै १८ हजार ३ सय ४१ जना बालबालिकाले आवश्यक खोप प्राप्त गरेपछि जिल्लालाई पूर्ण खोप सुनिश्चितता भाएको घोषणा गरिएको स्वास्थ्य कार्यालयका प्रमुख अगदबहादुर शाहीले जानकारी दिए।

कार्यक्रममा लुम्बिनी प्रदेश सभासद् बैजनाथ कालवार, जिल्ला समन्वय समितिका प्रमुख भगवती चादय, सुनवल नगरपालिकाकी प्रमुख विमला अर्याल, प्रमुख जिल्ला अधिकारी दीपकराज नेपाल, बर्दघाट नगरपालिका स्वास्थ्य शाखा लोकनाथ सुवासलगायतले जनहाजिर र विभिन्न उपकरण अभावका कारण सेवा प्रवाहमा केही चुनौती देखिएको औल्याएका थिए।

Emerging Nepal Limited

Emerging Nepal

Corporate Office: Kamaladi, Kathmandu, Nepal
Phone: 01-4796099 | Email: mail@emergingnep.com

UNAUDITED FINANCIAL STATEMENT

AT THE THIRD QUARTER ENDING ON 30.12.2082 (13.04.2026)
OF THE FISCAL YEAR 2082/83

Statement of Financial Position / Particulars	This Quarter Ending at Chaitra 2082	Previous Quarter Ending at Poush 2082	Corresponding Previous Year Quarter Ending at Chaitra 2081
I. EQUITY AND LIABILITIES			
Shareholder's Fund	614,362,452	61,36,94,731	607,507,744
a) Share Capital	555,600,000	55,56,00,000	555,600,000
b) Reserve and Surplus	58,762,452	5,80,94,731	51,907,744
Current Liabilities	12,467,116	4,21,88,829	27,040,140
a) Short Term Loan	-	-	20,000,000
b) Other Current Liabilities	12,467,116	4,21,88,829	7,040,140
TOTAL	626,829,568	655,883,560	634,547,884
II. ASSETS			
Non-Current Assets	580,996,053	613,087,010	614,330,297
a) Plant, Property and Equipment	1,672,557	1,773,296	2,016,760
b) Investments	579,313,716	609,313,714	612,314,037
Deferred Tax Asset			
Current Assets	45,833,515	44,796,550	20,217,587
a) Cash and Bank Equivalents	39,174,276	37,606,940	13,951,448
b) Other Current Assets	6,669,239	7,189,610	6,265,639
TOTAL	626,829,568	655,883,560	634,547,884

Statement of Profit or loss / Particulars	Current Year: This Quarter	Current Year: Up To This Quarter (YTD)	Previous Year Corresponding: This Quarter	Previous Year Corresponding: Up To This Quarter (YTD)
Revenue				
Revenue from operations	1,385,996	20,436,053		10,611,044
Income from Other Source	860,388	2,102,954	1,352,395	4,108,285
Expenses				
Employee Benefit Expenses	(1,099,263)	(3,439,673)	(1,074,422)	(3,384,065)
Depreciation	(130,960)	(362,880)	(124,372)	(363,761)
Other Administrative Expenses	(617,866)	(1,943,877)	(960,896)	(2,218,511)
Impairments	-	-	-	-
Profit Before Tax	428,295	16,852,579	(747,297)	8,552,992
Income taxes (Including Deferred Tax)	239,426	895,869	(26,534)	61,890
Net Profit	667,721	17,748,448	(773,831)	8,614,882

Ratios	Current Year Up To This Quarter	Previous Year Corresponding Up To This Quarter
Basic Earning Per Share (in Rs.) - Annualized	4.38	2.07
Market Value per share (in Rs.)	905.00	1,206.05
Price Earnings Ratio	212.44	582.63
Return on Assets (%) (Annualized)	3.78	1.81
Net Worth Per Share (in Rs.)	110.58	109.34
Total Assets Per share (in Rs.)	112.82	114.21

Notes:
1. The figures are subject to change after finalization of Statutory Audit.

डिभिडेन्ड इतरा तथा बिगबढानका लिखासाबती २०७३ को अनुसूची १७ बमोजिमको विवरण
(बिक्रम २५ को उपनियम १ सँग सम्बन्धित)
इमर्जिङ्ग नेपाल लिमिटेडको आ.व. २०८२/०८३ को तेस्रो त्रैमासिक अवधिको विवरण

१. वित्तीय विवरण:
(क) वित्तीयक अवधिको यथार्थपरक, साचा/दोषमान सामग्री विवरण र प्रमुख वित्तीय अनुपातहरु यसै साथ संलग्न गरिएको छ।
(ख) प्रमुख वित्तीय अनुपातहरु

प्रति शेयर आम्दानी (क)	४.३८	मूल्य आम्दानी अनुपात	२१२.४४	प्रति शेयर बेतलबी (ङ)	११०.५८
प्रति शेयर बजार मूल्य (ख)	९०५	अर्थापित प्रतिफल (ञ)	३.७८	प्रति शेयर कुल सम्पतिको मूल्य	११२.८२

(ग) सम्पतिमा पहाडीको कारोबार:
यस कम्पनीको व्यावसाय सम्पतिमा लगानी गर्ने प्रकृतिको रहेकोले यस अवधिमा कुनै पनि प्रकारको पहाडीको कारोबार भएको छैन।

२. व्यावसायीय विश्लेषण:
(क) कम्पनीले चिनी-कार्यालिक कार्यक्षेत्रमा लगानीय रणनीतिका गर्दै क्षेत्रका सम्बन्धमा छलफल तथा अध्ययनको कार्य अगाडी बढाएकोमा यस विवेकसभाका कदम हाइनुहोला कम्पनी पेर मा लगाई सुचना गरेको छ र विभिन्न व्यावसायिकसमूह लगानी गरेको छ।
(ख) कम्पनीको लगानी रहेको २ वटा कम्पनीहरु प्रतिफल कार्यक्षेत्रमा आएकोमध्ये एक आर्थिक संकलनमा आइसकेको र अर्को आर्थिकमा निर्धारणमा रहेको छ।
(ग) नेपाल धितोपत्र बोर्डबाट लगानी कम्पनीका लागि प्राप्त गरेकोमध्ये ३ क्षेत्रमा थप ५ क्षेत्र समावेश हुन स्वकारात्मक पत्र रहेको छ।

३. कम्पनी आचरणी सम्बन्धी विवरण:
(क) यस आर्थिकमा कम्पनीले वा कम्पनी विरुद्धमा कम्पनीको व्यावसायिक कारोबार सम्बन्धमा कुनै पनि कुरा दावा गरेको वा भएको जानकारी कम्पनीलाई प्राप्त भाएको छैन।
(ख) यस आर्थिक कम्पनीका सञ्चालक वा व्यवस्थापकले वा सञ्चालक वा सम्बन्धित विरुद्धमा फौजदारी/ आर्थिक अपराध गरेको भनेको कुनै पनि कुरा दावा गरेको वा भएको जानकारी कम्पनीलाई प्राप्त भएको छैन।

४. कम्पनीद सम्बन्धी ठेक्का कारोबार सम्बन्धी विश्लेषण:
(क) नियमित दैनिक कामको खुल्ला बजार कारोबारले यस कम्पनीको शेयरको बजार मूल्य निर्धारण हुने हुँदा व्यवसायको यस सम्बन्धमा कुनै टिप्पणी छैन।
(ख) यस कम्पनीको वैकल्पिक लगानीको क्षेत्र कारोबार सम्बन्धि विवरण

उपित्रयण मात्र (क)	व्यापारण मूल्य (ख)	उपित्रयण मूल्य (ग)	कारोबार भएको कुल दिन	कारोबार संख्या	कारोबार भएको शेयर संख्या	कारोबार रकम (ङ)
२२४	७७८.३	१७५	४१	२१४०	१,२७,४१४	१११,७१,४९८.१

५. कम्पनी तथा पुनरीनी:
(क) लगानी नीतिको हेडाल परिमल र बाहुरा कुन विषेशज्ञका अनेक्षा गरे अनुरुप व्यावसाय बहुत र फर्दाल आयपनकता कमी हुन।
(ख) लगानी नीतिको हार्दयिक फेरबा विशेषज्ञ बोर्डबाट आवश्यक पत्र र सहिछाप प्राप्त गर्दै बोर्डो लाइ।
(ग) बजारको लगत्या मिलानिले गर्दा सुनौ विक्रेतम कम प्रतिफल प्राप्त हुन।
(घ) कम्पनीले गरेका केही लगानीमा डुबनै प्रतिफल प्राप्त हुन बाकी।

६. सम्बन्धन सुझावः
कम्पनीले सांचालन सुधारका लागत राख्न व्यवसायपत्र सेवि प्रतिबद्ध गरेको छ। कम्पनीको सांचालनलाई व्यवस्थित गर्न तथा विभिन्न जोखिमहरु न्यूनीकरण गर्न सञ्चालक समितिद्वारा तीन विशेषज्ञहरु नयाँ गरेरि आएको छ। सांचालको सुधार कार्य अगाडाद तथा सुधारका आवश्यक सबै लगानि विभिन्न समितिहरु (अडिट समन्वयात्मक समिति, लगानी तथा सम्पति दायित्व समिति, जोखिम समिति) गठन गरिएको छ। व्यवस्था सबै प्रभावित काबुल, विभाग विकासका क्षेत्र निर्देशकहरु तथा लेखापरीक्षकको सुझाव अनुसार कार्य अगाडाद गरिने आएको छ।

७. साथ लगाएका सम्बन्धमा प्रमुख कार्यकारी अधिकृतको उद्घोषणा:
आजका वित्तीयक्षम तथा प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको पुष्टाहार सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व छिन्छु। साथै, म यो उद्घोष गर्दछु कि मेरो जानै सुसंस्कार एवं प्रतिबद्धता उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सूचित गर्नि लिन आवश्यक कुरै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन।

ईपीएस भाषा परीक्षा

उत्पादनमूलक स्किलटेस्टमा २ हजार बढीको निस्किएन नाम



काठमाडौं (अन्नपूर्ण) : सन् २०२५ को उत्पादनमूलक क्षेत्र तर्फको दोस्रो चरणको स्किल परीक्षणको नतिजा प्रकाशन भाएको छ।

ईपीएस कोरिया शाखाले सोमबार नतिजा सार्वजनिक गरेको हो। स्किल परीक्षणमा सहभागी भाएका ५ हजार ९ सय ४८ जना परीक्षार्थीमध्ये ३ हजार ५ सय १७ जना मात्र उत्तीर्ण भाएका छन्। २ हजार ४ सय ३१ जना अनुत्तीर्ण भाएका छन्। ६ हजार ७४ जनाले भाग परीक्षा उपस्थित गरेको भन पनि ५ हजार ९ सय ४८ जना मात्र स्किल टेस्टमा सहभागी भाएका थिए।

प्रभु बैंक लिमिटेड, शाखा कार्यालय हात्तिसीढा, काठमाण्डौंका, तपसिलमा उल्लिखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्न बारेको ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना ।

(सूचना प्रकाशित मिति २०८३/०१/२९, गते मंगलबारको अन्नपूर्ण पोस्ट् राष्ट्रिय दैनिक पत्रिका)

यस बैंकका तपसिलमा उल्लेखित ऋणीले लिएको कर्जाको किस्ता/ साँवा, व्याज/ भुक्तानी सम्बन्धी शर्त उल्लेखित उल्लंघन गर्नु भएको तथा पटक पटक मौखिक एवं लिखित तगाजाकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता फछुर्यौट गर्ने तर्फ चासो नदेखाइ धरातल धारणहरु पूर्ण रुपमा नपुगेकाले हामी बैंकलाई कर्जा असुली गर्नका लागि यसै साथ संलग्न अनुसूचीमा उल्लेखित ऋणीहरुको नाममा रहेको तपसिलमा उल्लेखित धितोमा बन्धकी रहेको चल/अचल सम्पत्ति सार्वजनिक रुपमा बोलपत्र आह्वान गरी बिक्री गरिने भएकोले उक्त सम्पत्ति के कति सुल्गमा खरिद गरी लिने हो सो खुलाई यो सूचना प्रकाशित भाएको मितिले ३५ औं दिन भित्र सोझै ४२ औं दिन भित्र गोप्य शिलबन्दी बोलपत्र बैंकको शाखा कार्यालय हात्तिसीढा, काठमाण्डौंमा दाखिल गर्नु हुन इच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ। प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भाएको मितिले ४३ औं दिन तर्काद मिति २०८३/०३/०९ गते मंगलवार (सो दिन सार्वजनिक दिदा परेमा सोको भोलि पल्टै बैंक खुलेको दिन) बैंकको **शाखा कार्यालय हात्तिसीढा, काठमाण्डौंमा** दिनको ठीक ३:०० बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, इच्छुक बोलपत्र दाता तथा सम्बद्ध सबैमा अनुरोध छ। प्राप्त बोलपत्रहरु बैंकले दिना कुनै कारण जनाई स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ। कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा यो सम्पत्ति अन्य व्यवस्था गरी थप ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ। बढी जानकारीका लागि बैंकको सम्पर्क ब्यक्तीमा अनुसूचीमा उल्लेखित कार्यालय समय भित्र सम्पर्क गर्न सक्ने व्यहोरा र उक्त सम्पतिबारे बैंकको सम्पर्क ब्यक्तीमा अनुसूचीमा उल्लेखित कार्यालय समय भित्र सम्पर्क गर्न सक्ने व्यहोरा र उक्त सम्पतिबारे बैंकको सम्पर्क ब्यक्तीमा अनुसूचीमा उल्लेखित कार्यालय समयभित्र सम्पर्क गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ।

तपसिल

क. ऋणी तथा जमानतकर्ताको विवरण:

ऋणी : प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, परिसर तथा सानो उद्योग कार्यालय, विराटनगर, बडहमाण्डौमा प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७६, बमोजिम मिति २०७७/०९/१९, मा दा.प. दर्ता नं. १०८१ बाट स्थापित भई, नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजस्व विभाग, आन्तरिक राजस्व कार्यालय महाराजगञ्जबाट मिति २०७७/०९/२२ मा स्थायी लेखा नम्बर (प्यान) दर्ता प्रमाणपत्र नं. ५१४३५५१० मा को प्रमाणपत्र प्राप्त प्राप्त **जयुना रुपाकै** ।

रजिष्टर्ड ठेगाना : काठमाण्डौं जिल्ला, बुढानिलकण्ठ नगरपालिका बडा नं. ३, नागडुंगा थान ।

धोप्राइटर तथा जमानतकर्ता : आङ डोल्मा तामाङ	जमानतकर्ता : आङ योर्जे तामाङ
(ना.प्र.नं. ३०१०३७/१४९९३, जारी मिति २०६३/११/२७, जि.प्र.का. काभ्रेपलान्चोक) । ठेगाना : काभ्रेपलान्चोक जिल्ला, धुलिखेल न.पा. बडा नं. ८ (नार्पिक धुलिखेल न.पा. बडा नं. १)। बाबु : सिद्धिमान लामा । पति : आङ योर्जे तामाङ । ससुरा : मान बहादुर तामाङ ।	(ना.प्र.नं. ३०१०३७/१८८९७ काभ्रेपलान्चोक, जारी मिति २०६३/११/२४, प्रथम प्रतिलिपि जारी मिति २०७७/१२/२५, जि.प्र.का दोलखा) । ठेगाना : दोलखा जिल्ला, शैलुङ गा.पा., बडा नं. २। बाबु : मान बहादुर तामाङ । बाजे : कृष्ण बहादुर तामाङ ।
जमानतकर्ता : आङ साकया तामाङ (ना.प्र.नं. ३०७४४/१७९३ दोलखा, जारी मिति २०६९/०८/३०, प्रथम प्रतिलिपि जारी मिति २०७०/०४/२८, जि.प्र.का दोलखा) । ठेगाना: दोलखा जिल्ला, शैलुङ गा.पा., बडा नं. २ (नार्पिक तामेल्न सुधापोखरी गा.वि.स. बडा नं. ४)। बाबु : मान बहादुर तामाङ । बाजे : कृष्ण बहादुर तामाङ ।	**ख.लिलाम बिक्री हुने सम्पतिको विवरण :** १. **आइरोभी ताप्ताङ र आङ साकया तामाङको** संयुक्त नामका मालपोत कार्यालय दोलखामा दर्ता भेपा कायम रहेको दोलखा जिल्ला भुक्तानीया गा.वि.स. बडा नं. ९, नम्बरी सिट नं. ९, किल्ला नं. ४७० को क्षेत्रफल १९.६५ (एघार) मे घर/जग्गा र सो घर/जग्गाले चर्चेकी सम्पूर्ण लिगलगायात समेत .....१ २. ऋणी जमुना कार्पेकी स्वत्व तथा चालु सम्पतिहरु उपर साइनोफेकेसन सुरक्षण १

पुनश्चः
१. बोलपत्र सम्बन्धी शर्तबन्धेज सहितको बोलपत्र फारम बैंकको प्रधान बैंकको प्रधान कार्यालय बबरमहल, काठमाण्डौं स्थित कर्जा असुली विभाग र **शाखा कार्यालय हात्तिसीढा, काठमाण्डौंबाट** प्राप्त गर्न सकिनेछ ।
२. सम्पत्ति ब्रार्कन सारेज जानकारी गरी नेपाल सरकारले तोकें बमोजिम लागे सरकार लगायतका सम्पूर्ण देयस्तुर सरकारको स्थापने तिनुपनेछ ।
३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा दिनो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भाएमा बैंकको प्रधान कार्यालय बबरमहल, काठमाण्डौं स्थित कर्जा असुली विभाग र **शाखा कार्यालय हात्तिसीढा काठमाण्डौंमा** सम्पर्क राख सकिनेछ ।

pradhiba Bank

प्रभु बैंक लिमिटेड
प्रधान कार्यालय, बबरमहल, काठमाडौं, नेपाल
फोन नं. : ०१-५७१०००

त्रि.वि. लायन्स रक्तसंचार तथा अनुसन्धान केन्द्र
सम्पर्क नं. ०१-५८१४४४, ९७८८७४७०८८

आठौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०८३/०१/२४

यस केन्द्रको मिति २०८३/०१/१८ गते बसेकाले सञ्चालक समितिको बैठकको निर्णय अनुसार केन्द्रको आठौं वार्षिक साधारण सभा निरुण मिति, समय र स्थानमा हुने भाकाले केन्द्रका सम्पूर्ण सम्पादक-आजीवन सदस्य ज्यूहरूमा उपस्थितिका लागि हार्दिक अनुरोध गरिन्छ।

छलफल तथा निर्णय गर्नुपर्ने विषयहरू:
१. कार्यका द्वारा प्रस्तुत केन्द्रको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।
२. आ.व. २०८१/८२ को लेखा परीक्षणको लेखा परिक्षण प्रतिवेदन सहित केन्द्रको आर्थिक विवरण छलफल गरी पारित गर्ने।
३. आगामी वर्षको बजेट तथा कार्यक्रम।
४. आ.व. २०८२/८३ को लेखा परीक्षकको नियुक्ति तथा लेखाको पारिश्रमिक निर्धारण गर्ने।
५. विधान संशोधन गर्ने।
६. विविधमा परेमुल आएका अन्य विषयहरू उपर छलफल गरी पारित गर्ने।
७. साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्नेका लागि प्रतिनिधि चयन गर्ने।

तपसिल:
मिति: २०८३ वैशाख १७ गते आइतबार
समय: बिहानी ११:०० बजे
स्थान: कावी ब्याङ्क्वेट, बबरमहल, काठमाडौं

महासचिव
त्रि.वि. लायन्स रक्तसंचार तथा अनुसन्धान केन्द्र

नोट: केन्द्रको विधानको दफा ९१, उपदफा २, (ग) को प्रावधान अनुसार केन्द्रको साधारण सभामा भाग लिन इच्छुक सम्पादक, आजीवन र साधारण सदस्यहरूले साधारण सभा हुनु अगाड ३ दिन अगावै अर्थात् मेड १२ गते भित्र आफ्नो नाम र सोधाईन नम्बर अविलम्ब रूपमा केन्द्रको केन्द्रीय कार्यालय बीरेन्द्र या सम्बन्धित डिष्ट्रिक्ट बाँचालमा पार्फत केन्द्रमा वर्ती गराउनुहुन हार्दिक अनुरोध गरिन्छ।